मितिः २०७७/१०/११

## राष्ट्रिय जनगणना, २०७८ का लागि करारमा गणक तथा सुपरिवेक्षक भर्नाका लागि अनलाइन मार्फत दरखास्त आह्वान सम्बन्धमा केन्द्रीय तथ्याङ्क विभागको

# प्रेस विज्ञप्ती

राष्ट्रिय जनगणना, २०७८ मा तथ्याङ्क संकलन गर्ने कार्यका लागि गणक तथा सुपरिवेक्षकलाई प्रत्येक घरपरिवारमा परिचालन गरिदैछ । राष्ट्रिय जनगणना सञ्चालन तथा व्यवस्थापन आदेश, २०७६ बमोजिम केन्द्रीय तथ्याङ्क विभागले राष्ट्रिय जनगणना प्रयोजनका लागि सार्वजनिक सूचना जारी गरी योग्यता पुगेका नेपाली नागरिक मध्येबाट छनोट भएका व्यक्तिलाई करिब ३९ हजार गणक र ८ हजार सुपरिवेक्षक करारमा नियुक्ति गर्ने र करारमा जनशक्ति अपुग भएमा स्थानीय सार्वजनिक विद्यालयका शिक्षक तथा सरकारी कर्मचारीबाट लिन सकिने व्यवस्था रहेको छ। गणक तथा सुपरिवेक्षक छनोटका लागि स्थानीय व्यक्तिलाई प्राथमिकता दिने गरी उक्त आदेशले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय जनगणना निर्देशक समितिले राष्ट्रिय जनगणना सञ्चालन निर्देशिका, २०७७ जारी गरेको छ। उक्त निर्देशिका बमोजिम गणक तथा सुपरिवेक्षक भर्ना प्रक्रियाका लागि विभागले तयार गरेको अनलाइन जनशक्ति भर्ना प्रणाली बमोजिम दरखास्त आह्वान गरेको छ। यस अनलाइन जनशक्ति भर्नाका लागि समयावधि, योग्यता, प्राथमिकता, सेवा सुविधा र अनलाइन दरखास्त फाराम भर्ने तरिका आदि निम्न बमोजिम रहेको छ।

१. मिति २०७७/१०/११ देखि २०७७/१२/११ सम्म ६० (साठ्ठी) दिन भित्र अनलाइन दरखास्त फाराम भर्न सकिनेछ।
२. मिति २०७७/१२/१ गते देखि प्रत्येक प्रदेश तथा जिल्लामा प्रदेश/जिल्ला जनगणना कार्यालय खोलिने भएकोले चैत्र ५ गते देखि चैत्र ११ गते सम्म (७ दिन) सम्म दरखास्त फाराम उक्त कार्यालयमा पनि बुझाउन सकिनेछ।
३. देशको जुनसुकै भू-भागबाट उम्मेदवारले योग्यताका आधारमा दरखास्त फाराम भरी पठाउन सक्नेछ। दरखास्त फाराम बुझाउन कुनै शुल्क लाग्ने छैन।
४. स्नातक तह वा सोसरहको शैक्षिक योग्यता पूरा गरेको नागरिकले सुपरिवेक्षक र गणक दुवैका लागि दरखास्त दिन सक्ने व्यवस्था गरिएकोछ। तर भर्ना भने कुनै एक पदका लागि मात्र गरिनेछ ।
५. छनोटमा परेको उम्मेदवारलाई स्थायी बसोबास भएको ठेगानामा काम गर्न प्राथमिकता दिइने छ । हाल वा अक्सर बसोबास गरेको ठेगाना भएको स्थानमा पनि कार्य गर्न खटाउन सक्ने छ ।.
६. उम्मेदवारले प्राथमिकताका आधारमा बढीमा २ (दुई) वटासम्म काम गर्न चाहेको क्षेत्र उल्लेख गर्न पाउने छन्। त्यसमध्येबाट निजलाई कुनै एक क्षेत्रमा खटाइनेछ ।
७. उमेदवारको योग्यता देहाय बमोजिम रहेको छ ।
   क. गणकको लागि दश जोड दुई तह वा सो सरह उत्तिर्ण भएको र सुपरिवेक्षकको लागि स्नातक तह वा सो सरह उत्तिर्ण भएको।
   ख. उमेरको हकमा दरखास्त बुझाउने अन्तिम दिनसम्म पुरुषको लागि १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको र महिलाको लागि १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।
८. विशेष प्राथमिकता
   (क) नेपाली भाषाको अतिरिक्त स्थानीय भाषा बोल्न, बुझ्न र अरुलाई बुझाउन सक्ने व्यक्ति,
   (ख) राष्ट्रियस्तरको गणना तथा सर्वेक्षण वा विभागबाट सञ्चालित कुनै पनि कार्यमा अनुभव हासिल गरेका व्यक्ति,
   (ग) तथ्याङ्क वा जनसंख्या विषय लिई स्नातकोत्तर तह अध्ययनरत विद्यार्थी वा सो तह उत्तिर्ण गरेका व्यक्ति।

९. अनलाइन निवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजात (इमेज फाइल)

(क) नेपाली नागरिकताको प्रमाण पत्र,

(ख) पासपोर्ट साईजको फोटो,

(ग) शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र (Transcript),

(घ) तालिम तथा अनुभवको प्रमाणपत्र।

१०.करार अवधि र सेवा सुविधा

(क) गणकः १ (एक) महिनाको लागि करार भर्ना गरिनेछ। उक्त अवधिमा ६ दिनको तालिम र १५ दिनको तोकिएको क्षेत्रमा तथ्याङ्क संकलन कार्य गर्नु पर्नेछ। गणकले नेपाल सरकारका राजपत्रअनंकित द्वितीय श्रेणीले पाउने रकम बराबरको जनगणना निश्चित रकम पाउनेछ।

(ख) सुपरिवेक्षकः २ (दुई) महिनाको लागि करारमा भर्ना गरिनेछ । उक्त अवधिमा ७ दिनको तालिम, २० दिनको तथ्याङ्क संकलन कार्य, १५ दिनको गणकको सुपरिवेक्षण र सम्बन्धित वडाको विवरण वडा कार्यालयबाट संकलन गर्नु पर्नेछ। सुपरिवेक्षकले नेपाल सरकारका राजपत्रअनंकित प्रथम श्रेणीले पाउने रकम बराबरको जनगणना निश्चित रकम पाउनेछ।

## अनलाइन दरखास्त फाराम भर्ने तरिका

(क) केन्द्रीय तथ्याङ्क विभागको वेवसाइट अन्तर्गतको सवडोमेन https://censushrms.cbs.gov.np/ मा गएर अनलाइन दरखास्त फाराम भर्न सकिन्छ ।

(ख) त्यसैगरी केन्द्रीय तथ्याङ्क विभागको वेवसाइट www.cbs.gov.np तथा राष्ट्रिय जनगणना २०७८ को सवडोमेन www.censusnepal.cbs.gov.np मा गएर POP UP मा लेखिएको "यहाँ क्लिक गर्नुहोस" मा क्लिक गरी अनलाइन दरखास्त फाराम भर्न सकिन्छ ।

(ग) उम्मेदवारले वेबसाइटको होम पेजमा दिइएका निर्देशनहरुको अध्ययन गर्नु पर्दछ। फाराम भर्नको लागि नमूना फाराम हेरेर समेत जानकारी लिने व्यवस्था गरिएकोछ ।

(घ) योग्यता पुगेको उमेदवारले नागरिकतामा भएको जन्म साल, महिना र गते, नागरिकता प्रमाण पत्र नम्बर, नागरिकता जारी भएको जिल्ला, सम्पर्क मोबाइल नम्बर र उम्मेदवारको लिङ्ग अनिवार्यरुपमा भरी आवेदन गर्नुपर्नेछ। तोकिएको उमेरहद भन्दा कम वा बढी हुनु हुदैन र तोकिएको शैक्षिक योग्यता अनिवार्यरुपमा मिल्नु पर्ने हुन्छ।

(ङ) प्रविष्ट गरिएका विवरण ठीक भए नभएको जाँच्नका लागि उम्मेदवारले विवरण भरिसकेपछि Preview पेज हेर्न सक्नेछ । त्यसमा उम्मेदवारले भरेका विवरणका साथसाथै अपलोड गरिएका कागजात समेत देख्न सकिनेछ।

(च) यदि कुनै विवरण अन्यथा प्रविष्ट भएको रहेछ वा सो सच्याउनु पर्ने भएमा सोही Preview पेजमा माथिपट्टी रहेको "सम्पादन गर्नुहोस्" मा क्लिक गरी पुनःविवरण सच्याउन सकिनेछ।

(छ) अनलाइन आवेदन गर्नुपर्ने विवरण एवम् कागजातहरु नभरेको/प्राप्त नभएको वा स्पष्ट नभएको कारण आवेदन रद्द हुन सक्ने भएकोले आवेदकले SUBMIT गर्नुभन्दा पहिले विवरण राम्ररी रुजु गर्नु पर्दछ।

(ज) त्यसरी भरिएको फाराम विधिपूर्वक पेश गर्नका लागि उम्मेदवारले "दरखास्त पेश गर्नुहोस्" मा क्लिक गर्नु पर्दछ। एकपटक पेश भइसकेको दरखास्त पुनःसम्पादन गर्न सकिने छैन।

(झ) उम्मेदवारले नयाँ फाराम भरी सेभ गरी राखेको दिनले ७ (सात) दिनसम्म त्यस्तो फाराममा आवश्यक जानकारी फेरबदल गरी अन्तिममा पेश गरी सब्मिसन् नम्बर (Submission Number) प्राप्त गर्न सक्नेछ। यसका लागि फारामको तल पट्टी रहेको "सेभ गर्नुहोस्" बटनमा क्लिक गर्नु पर्दछ।

(ञ) उम्मेदवारले एकपटक फाराममा अनिवार्य रहेका विवरण भरी पेश गरी सब्मिसन् नम्बर (Submission Number) लिईसकेकोमा त्यस्तो फाराम सम्पादन गरी पुनः पेश गर्न सकिने छैन।

(ट) प्रत्येक जिल्लामा मिति २०७७/१२/१ गते देखि जिल्ला जनगणना कार्यालय खोलिने भएकोले २०७७ साल चैत्र ५ गते देखि चैत्र ११ गते सम्म कार्यालय समयमा दरखास्त फाराम बुझाउन पनि सकिनेछ।

उक्त भर्ना प्रक्रियाको उदघाटन राष्ट्रिय योजना आयोगका श्रीमान सचिव केवल प्रसाद भण्डारीज्यू बाट भएको थियो । आयोगका सचिवज्युको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा उहाँले जनगणना जस्तो महत्वपूर्ण कार्यमा युवा शिक्षित जनशक्तिबाट गर्नु पर्ने र रोजगारीको हिसावले समेत निकै महत्वपूर्ण अर्थ राख्ने भएकोले करारमा शिक्षित जनशक्ति लिने व्यावस्था मिलाइएको बताउनु भयो । श्रीमान सचिवज्युले अनलाइन भर्ना प्रक्रियामा सहभागिता जनाउन आम समूदायलाई सुसूचित गरिदिनु हुन नेपाल सरकारको तर्फबाट आम मेडियाकर्मीलाई अनुरोध गर्नु भएको थियो ।

यस कार्यक्रममा विभागका उपमहानिर्देशक हेमराज रेग्मीले जनगणनाको तयारी र अनलाइन भर्ना प्रक्रियामा सहभागिता हुने तरिकाको बारेमा जानकारी दिनु भएको थियो । कार्यक्रममा उठेको प्रश्नहरुको जबाफ विभागका महानिर्देशक श्री नेविन लाल श्रेष्ठले दिनु भएको थियो ।

जिज्ञासाको जवाफ दिनेक्रममा विभागका महानिर्देशक नेविन लाल श्रेष्ठले गणक तथा सुपरिवेक्षक भर्ना प्रक्रियामा स्थानीय व्यक्तिलाई प्राथमिकता दिइने हुँदा योग्यता पुगेका इच्छुक व्यक्तिहरुले आफ्नो स्थानीय तहको लागि दरखास्त दिनुहुन तथा सोही अनुसार सूचित गर्नुहुन आम समूदायमा अनुरोध गर्नु भएको थियो।

मितिः २०७७/१०/११

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
केन्द्रीय तथ्याङ्क विभाग